# नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०५०

लालमोहर र प्रकाशन मिति
२०५०।११।२५

## नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपालको राष्ट्रभाषा नेपाली, नेपालका राष्ट्रिय भाषाहरू, साहित्य,कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयको अध्ययन अन्वेषण एवं मौलिक सृजनाको माध्यमद्वारा उपयोगी कृतिहरू तयार गर्न गराउन तथा यस क्षेत्रका विद्वान एवं प्रतिभाहरूको समुचित कदर एवं सम्मान गर्न र उपर्युक्त विषय सम्बन्धी आवश्यक अन्य कार्य राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा सम्पन्न गराई तथा सृजनात्मक चिन्तन र रचनात्मक कार्यमा जनताको सहभागिता र अभिरुचि बढाई बौद्धिक तथा सांस्कृतिक क्षेत्रको सर्वाङ्गीण विकास गर्न वि.सं. २०१४ मा स्थापित नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानलाई समयानुकूल बढी सक्षम बनाउन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०५०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "प्रज्ञा प्रतिष्ठान" भन्नाले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।
(ख) "सभा" भन्नाले दफा ७ बमोजिमको प्रज्ञा सभा सम्झनु पर्छ ।
(ग) "प्राज्ञ परिषद्" भन्नाले दफा १० बमोजिमको प्राज्ञ परिषद् सम्झनु पर्छ ।
(घ) "कुलपति" भन्नाले प्रज्ञाप्रतिष्ठानको कुलपति सम्झनु पर्छ ।
(ङ) "सह-कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको सह-कुलपति सम्झनु पर्छ ।
(च) "उप-कुलपति" भन्नाले प्रज्ञा प्रतिष्ठानको उप-कुलपति सम्झनु पर्छ ।
(छ) "सचिव" भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिव सम्झनु पर्छ ।
(ज) "सेवा आयोग" भन्नाले दफा १३ बमोजिमको सेवा आयोग सम्झनु पर्छ ।
(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. प्रज्ञा प्रतिष्ठान कायम रहने : (१) यो ऐन प्रारम्भ हुनुभन्दाअघि स्थापित नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान यस ऐन अन्तर्गत स्थापना भएको मानी कायमै रहने छ ।

(२) प्रज्ञा प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(३) प्रज्ञा प्रतिष्ठानले आवश्यकतानुसार नेपाल अधिराज्यभित्र प्रज्ञा केन्द्रहरू खोल्न सक्नेछ ।

४. प्रज्ञा प्रतिष्ठान स्वशासित संस्था हुने : (१) प्रज्ञा प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप र प्रतीक चिन्ह हुनेछ ।

(३) प्रज्ञा प्रतिष्ठानको व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रज्ञा प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार : (१) प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपालको राष्ट्रभाषा नेपाली, नेपालका राष्ट्रिय भाषाहरू, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयको अध्ययनद्वारा उपयोगी ग्रन्थ एवं कृतिहरू तयार गर्ने, गराउने,

(ख) नेपालको राष्ट्रभाषा नेपाली, नेपालका राष्ट्रिय भाषाहरू, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको श्रृजना एवं प्रकाशन गर्ने, गराउने,

(ग) विदेशी भाषाबाट नेपालको राष्ट्रभाषा नेपालीमा र नेपालका राष्ट्रिय भाषाहरूमा, नेपालका राष्ट्रिय भाषाबाट नेपालको राष्ट्रभाषा नेपालीमा, नेपालको राष्ट्रभाषा नेपालीबाट नेपालका राष्ट्रिय भाषाहरूमा र आवश्यकता अनुसार नेपालको राष्ट्रभाषा नेपाली र नेपालका राष्ट्रिय भाषाबाट विदेशी भाषामा उच्चस्तरीय कृतिहरूको अनुवाद एवं प्रकाशन गर्ने, गराउने ।

(घ) भाषा, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रका विभिन्न विषयमा प्रवचन, गोष्ठि, विचार-विमर्श, सम्मेलन, आदि गर्ने, गराउने ।

(ङ) भाषा, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रका विभिन्न विषयमा हुने अन्तर्राष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचार-विमर्श, प्रदर्शनी आदिमा प्रतिनिधित्व गर्ने, गराउने,

(च) भाषा, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रका विभिन्न क्षेत्रसंग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासंग सम्बन्ध राख्ने,

(छ) भाषा, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा

विदेशी विद्वान, साहित्यकार एवं कलाकारहरूको कदर तथा सम्मान गर्ने,

(ज) भाषा, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रका विकासको निमित्त सम्बन्धित विषयका विद्वान, साहित्यकार र कलाकारहरूको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वय अभिबृद्धि गर्ने,

(झ) भाषा, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रका विषयमा योगदान दिने स्थानीय लेखक, साहित्यकार, कलाकार तथा सम्बन्धित अन्य संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने,

(ञ) प्रज्ञा प्रतिष्ठानसंग सम्बन्धित अन्य आवश्यक कार्यहरू गर्ने, गराउने ।

(२) प्रज्ञा प्रतिष्ठानले देहायका प्राज्ञिक विभागहरू निर्माण गरी प्राज्ञिक विकास र विस्तार गर्नका लागि क्रियाशील रहनेछ :-

(क) भाषा-साहित्य
(ख) संस्कृति-सामाजिक
(ग) नाट्य-संगीत
(घ) कला-कौशल

६. <u>प्रज्ञा प्रतिष्ठानको संगठन</u> :- प्रज्ञा प्रतिष्ठानको संगठन देहाय बमोजिम हुनेछ र यिनीहरूको सामुहिक रूप नै प्रज्ञा प्रतिष्ठानको स्वरूप हुनेछ :-

(क) प्रज्ञा सभा
(ख) प्राज्ञ परिषद्
(ग) सेवा आयोग ।

७. सभाको गठन : (१) प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्रज्ञा सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | कुलपति | -अध्यक्ष |
| (ख) | सहकुलपति | - उपाध्यक्ष |
| (ग) | उपकुलपति | - सदस्य |
| (घ) | विश्वविद्यालयहरूका उपकुलपतिहरू मध्येबाट कुलपतिले मनोनीत गरेको एक जना उपकुलपति | - सदस्य |
| (ङ) | प्रज्ञा प्रतिष्ठानका निकटतम भूतपूर्व उपकुलपति | - सदस्य |
| (च) | प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्यहरू | - सदस्य |
| (छ) | सचिव, शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय | - सदस्य |
| (ज) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (झ) | नेपालको राष्ट्रभाषा नेपाली, नेपालका राष्ट्रिय भाषाहरू, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्र सम्बन्धी विभिन्न | |

विषयमा सामान्यतः निरन्तर रूपमा पन्ध्र वर्षदेखि कार्यरत रही आ-आफ्ना विषय क्षेत्रमा उल्लेखनीय योगदान दिएका व्यक्तिहरू मध्येबाट माथिका सबै विषयहरूको सन्तुलित प्रतिनिधित्व हुने गरी तीस जना - सदस्य

(ञ) सचिव - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (झ) बमोजिमका सदस्यहरूको मनोनयनको लागि सिफारिश पेश गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा उपकुलपति सहित विभिन्न क्षेत्रका विद्वान तथा ख्याति प्राप्त व्यक्तिहरू रहेको पाँच सदस्यीय समिति गठन हुनेछ र सो समितिको सिफारिशमा कुलपतिबाट सदस्यहरूको मनोनयन हुनेछ ।

८. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञ परिषद्लाई मार्ग दर्शन गर्ने र निर्देशन दिने,
(ख) प्रज्ञा प्रतिष्ठानको वार्षिक नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,
(ग) विद्वतबृत्ति, सम्मान, प्रज्ञा मानार्थ तथा आजीवन सदस्यता प्रदान गर्ने,
(घ) नेपालको राष्ट्रभाषा नेपाली, नेपालका राष्ट्रिय भाषाहरू, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्रको क्षेत्रमा उत्कृष्ट योगदान दिने संस्था वा व्यक्तिलाई उपयुक्त कदर, सम्मान वा पुरस्कारको व्यवस्था गर्ने, गराउने,
(ङ) प्रज्ञा प्रतिष्ठानको कार्य सञ्चालनको लागि आवश्यक नियम बनाउने,
(च) प्रज्ञा प्रतिष्ठानको वजेट पारित गर्ने,
(छ) प्रज्ञा प्रतिष्ठानको काम कारवाही सम्बन्धमा आवश्यकतानुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,
(ज) सभामा पेश भएका वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,
(झ) प्रज्ञा प्रतिष्ठानको काम कारवाहीसंग सम्बन्धित अन्य आवश्यक कामहरू गर्ने, गराउने ।

९. सभाको बैठक : (१) सभाको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले र निजको अनुपस्थितिमा सभाको उपाध्यक्षले गर्नेछ र सभाको अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा सभाको बैठकको अध्यक्षता उपकुलपतिले गर्नेछ ।

(३) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सभाको बैठकमा भाग लिए वापत सभाका अध्यक्ष र सदस्यहरूले पाउने बैठक भत्ता तोकिए बमोजिम हुनेछ ।

१०. प्राज्ञ परिषद्को बैठक : (१) प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न देहाय बमोजिमको प्राज्ञ परिषद् हुनेछ :-

(क) उपकुलपति - अध्यक्ष
(ख) कुलपतिबाट मनोनीत बढीमा नौजना व्यक्तिहरू - सदस्य
(ग) सचिव - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यहरू मनोनयनका लागि सिफारिश पेश गर्न कुलपतिहरूबाट सहकुलपतिको अध्यक्षतामा उपकुलपति तथा यथासम्भव प्रज्ञाका सबै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी दफा ७ को उपदफा (२) को खण्ड (झ) बमोजिमका सभाका सदस्यहरू सहितको पाँच सदस्यीय एक समतिको गठन हुनेछ र सोही समितिको सिफारिशमा कुलपतिबाट सदस्यहरूको मनोनयन हुनेछ ।

(३) प्राज्ञ परिषद्का मनोनीत सदस्यहरूको पदावधि पाँच वर्षको हुनेछ ।

११. प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार : प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,
(ख) सभाद्वारा दिइएका निर्देशनहरू पालना गर्ने, गराउने,
(ग) प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, वजेट, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन, अन्य प्रतिवेदन र प्रस्तावहरू तयार गरी स्वीकृति वा अनुमोदनको लागि सभामा पेश गर्ने,
(घ) प्रज्ञा प्रतिष्ठानको चल अचल सम्पत्तिको सञ्चालन, संरक्षण र रेखदख गर्ने, गराउने,
(ङ) प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,
(च) प्रज्ञा प्रतिष्ठानको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,
(छ) विद्वतबृत्ति, सम्मान, प्रज्ञा मानार्थ तथा आजीवन सदस्यता, पुरस्कार आदिको सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,
(ज) प्रज्ञा प्रतिष्ठानको विभिन्न निकायहरूको व्यवस्थापन र प्रशासनको लागि आवश्यक व्यवस्था गर्ने,
(झ) प्रज्ञा केन्द्रहरूसंग आवश्यक समन्वय राख्ने,
(ञ) स्वदेशी तथा विदेशी प्राज्ञिक संघ, संस्था वा संगठनसंग सम्पर्क राख्ने,
(ट) प्रज्ञा प्रतिष्ठानको कार्य सन्चालनको लागि सभाद्वारा निर्देशित र तोकिए बमोजिमका अन्य आवश्यक काम गर्ने, गराउने ।

१२. प्राज्ञ परिषद्को बैठक : (१) प्राज्ञ परिषद्को बैठक सामान्यतया वर्षको छ पटक बस्नेछ ।

(२) प्राज्ञ परिषद्को बैठकको अध्यक्षता प्राज्ञ परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा प्राज्ञ परिषद्का सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले प्राज्ञ परिषद्को बैठकको अध्यक्षता गर्नेछ ।

(३) प्राज्ञ परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि प्राज्ञ परिषद्ले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>सेवा आयोग</u> : (१) प्रज्ञा प्रतिष्ठानमा कर्मचारीहरूको स्थायी नियुक्ति र बढुवाको सिफारिश गर्न देहाय बमोजिमको एक प्रज्ञा प्रतिष्ठान सेवा आयोग रहनेछ :-

(क) लोक सेवा आयोगको अध्यक्षले तोकेको एक जना सदस्य- अध्यक्ष

(ख) सभाले तोकेको सभाका एक जना सदस्य - सदस्य

(ग) सचिव - सदस्य-सचिव

(२) सेवा आयोगको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) सेवा आयोगको बैठक सम्बन्धी कार्यविधि सेवा आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सेवा आयोगको अध्यक्ष तथा सदस्यहरूले बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता तोकिए बमोजिम हुनेछ ।

१४. <u>संरक्षण</u> : प्रज्ञा प्रतिष्ठानको संरक्षक हुनको निमित्त राष्ट्रका विशिष्ट व्यक्तिलाई सभाले अनुरोध गर्नेछ र सम्बन्धित व्यक्तिबाट स्वीकृति प्राप्त भएपछि निज प्रज्ञा प्रतिष्ठानको संरक्षक मानिनेछ ।

१५. <u>कुलपति</u> : (१) प्रधानमन्त्री प्रज्ञा प्रतिष्ठानको कुलपति हुनेछ।

(२) कुलपति प्रज्ञा प्रतिष्ठानको प्रमुख र सभाको अध्यक्ष हुनेछ ।

१६. <u>सहकुलपति</u> : (१) शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्री वा राज्यमन्त्री प्रज्ञा प्रतिष्ठानको सहकुलपति हुनेछ ।

(२) सहकुलपतिले प्रज्ञा प्रतिष्ठानको निरीक्षण गर्न सक्नेछ ।

(३) कुलपतिको अनुपस्थितिमा सहकुलपतिले कुलपतिको कार्य गर्नेछ ।

१७. <u>उपकुलपति</u> : (१) उपकुलपति प्रज्ञा प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको उपकुलपति पदमा नियुक्तिको लागि सिफारिश पेश गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सकेसम्म प्रज्ञाका सबै विषय क्षेत्रको प्रतिनिधित्व हुने गरी चारजना सदस्यहरू रहेको एक समिति गठन हुनेछ र सो समितिले प्रज्ञाका विभिन्न क्षेत्रमा कार्यरत तथा ख्याती प्राप्त गरेका व्यक्तिहरूको यथासम्भव व्यापक सुझाव लिई सिफारिश गरेको व्यक्तिलाई कुलपतिले उपकुलपतिको मनोनयन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपकुलपति हुनको लागि पचास वर्ष उमेर पूरा गरेको र प्रज्ञाका एक वा एक भन्दा बढी क्षेत्रमा कम्तीमा दुई दशकदेखि संलग्न रही स्तरीय रचनाको सृजना र प्रकाशन गरी विशिष्ट योगदान पुऱ्याएको व्यक्ति हुनु पर्नेछ ।

(४) उपकुलपतिको पदावधि पाँच वर्षको हुनेछ ।

(५) प्रज्ञा प्रतिष्ठानको सबै काम कारवाही उपर उपकुलपतिको सामान्य नियन्त्रण रहेनछ ।

(६) उपकुलपतिले सभाको निर्णय र निर्देशनहरू कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम कुनै निकाय वा अधिकारीले गर्ने भनी उल्लेख भएका कामहरू बाहेक अन्य कामहरू उपकुलपतिले गर्नेछ । यसरी उपकुलपतिले कुनै काम गरेको भए त्यसको जानकारी तुरुन्तै कुलपतिलाई दिनु पर्नेछ र लगत्तै बस्ने सभाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

१८. सचिव : (१) सचिव प्रज्ञा प्रतिष्ठानमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(२) सचिव पदमा नियुक्तिको लागि सिफारिश पेश गर्न कुलपतिबाट उपकुलपतिको अध्यक्षतामा सभाका दुईजना सदस्यहरू रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिशमा कुलपतिबाट सचिवको नियुक्ति हुनेछ ।

(३) सचिवको पदावधि पाँच वर्षको हुनेछ ।

(४) सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१९. समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्ने : (१) प्रज्ञा प्रतिष्ठानले गर्नु पर्ने काम सुचारु रूपले गर्नको लागि सभाले आवश्यकतानुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. आजीवन तथा प्रज्ञा मनार्थ सदस्यता प्रदान गर्न सक्ने : (१) प्राज्ञ परिषद्का सदस्य भई विशिष्ट योगदान गरेका व्यक्तिहरूलाई सभाले प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(२) नेपालको राष्ट्रभाषा नेपाली, नेपालका राष्ट्रिय भाषाहरू, साहित्य, कला, कौशल, संगीत, नाट्य, संस्कृति र सामाजिक शास्त्र सम्बन्धी विभिन्न विषयमा राष्ट्रको गौरव बढाउन उल्लेखनीय काम गर्ने व्यक्तिलाई सभाले प्रज्ञा प्रतिष्ठानको प्रज्ञा मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

२१. प्रज्ञा प्रतिष्ठानको कोष : (१) प्रज्ञा प्रतिष्ठानको आफ्नो एउटा कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) कुनै व्यक्ति, संस्था, विदेशी सरकार वा संस्थाबाट प्राप्त ऋण, चन्दा, सहायता, अनुदान वा दान दातव्यको रकम,
(ग) कुनै सेवा उपलब्ध गराए वापत प्राप्त हुने रकम,
(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम प्रज्ञा प्रतिष्ठानले विदेशी सरकार वा संस्थासंग कुनै किसिमको सहयोग वा ऋण लिंदा नेपाल सरकारमार्फत कारवाही गर्नु पर्नेछ ।

(३) प्रज्ञा प्रतिष्ठानको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) प्रज्ञा प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) प्रज्ञा प्रतिष्ठानको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

२२. लेखा र लेखा परीक्षण : (१) प्रज्ञा प्रतिष्ठानको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) प्रज्ञा प्रतिष्ठानको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

२३. पारिश्रमिक र सुविधा : उपकुलपति, सचिव, प्राज्ञ परिषद्का मनोनीत सदस्यहरू र आजीवन सदस्यहरूको पारिश्रमिक र सुविधा तोकिए बमोजिम हुनेछ ।

२४. रिक्त स्थानको पूर्ति : (१) प्रज्ञा प्रतिष्ठानको कुनै पदाधिकारीको पद कुनै कारणबाट रिक्त हुन आएमा उक्त रिक्त स्थानको पूर्ति उक्त पदाधिकारीको जुन तरिकाले मनोनयन वा नियुक्ति भएको हो सोही तरिकाबाट मनोनयन वा नियुक्ति गरी रिक्त स्थान पूर्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिम रिक्त स्थान पूर्तिको लागि मनोनयन वा नियुक्ति हुने पदाधिकारीको मनोनयन वा नियुक्ति सो रिक्त स्थानमा बाँकी अवधिको लागि मात्र गरिनेछ ।

२५. वार्षिक कार्यक्रम र वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने : कुलपतिको अनुमति लिई उपकुलपतिले प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम र वार्षिक प्रतिवेदन संरक्षक समक्ष पेश गर्नु पर्नेछ ।

२६. अधिकार प्रत्यायोजन : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार सभाले प्राज्ञ परिषद्, सेवा आयोग, कुलपति, सहकुलपति, उपकुलपति वा यस ऐन बमोजिम गठन हुने कुनै समिति, उपसमिति वा कार्यटोलीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार प्राज्ञ परिषद् सेवा आयोग, कुलपति, सहकुलपति, उपकुलपति वा सचिवले कुनै निकाय वा पदाधिकारीलाई सुम्पन सक्नेछ ।

२७. नेपाल सरकारसंग सम्पर्क : प्रज्ञा प्रतिष्ठानले नेपाल सरकारसंग सम्पर्क राख्दा शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयमार्फत राख्नेछ ।

२८. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न सभाले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

२९. खारेजी र बचाउ : (१) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०३१ खारेज गरिएको छ ।

(२) यो ऐन प्रारम्भ हुँदाको बखत कायम रहेको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको लेनदेन, कारोबार, ऋण, धन लगायतका सम्पूर्ण अधिकार र दायित्व यस ऐन बमोजिमको प्रज्ञा प्रतिष्ठानको हुनेछ ।

(३) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ऐन, २०३१ बमोजिम भए गरेको सम्पूर्ण कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।